# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर , धनुषा

मधेश प्रदेश, नेपाल

सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा

प.सं: २०८०/०८१

चं.नं. ४६६

मितिः २०८०।०६।१९

श्री वडा कार्यालयहरु सबै (१-११ वटा)
मिथिला नगरपालिका, धनुषा ।

बिषयः प्रमाणित विवरण पठाउने सम्बन्धमा।

प्रस्तुत बिषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं. २०८०/०८१ को च.नं. २२२ मिति २०८०/०६/१६ गतेको प्राप्त पत्र यसै साथ संलग्न गरिएको छ । पत्रमा माँग भए बमोजिम आ.व.२०८०/०८१ को लागी नवीकरण गर्न छुट भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको प्रमाणित विवरण ३ (तीन) दिन भित्र उपलब्ध गराईदिनु हुन अनुरोध छ ।

२०८०.०६.१९

बसन्त न्यौपाने

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Email Address : mithilamunicipality81@gmail.com
Webside: mithilamun.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९९९९९

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८०/०८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २२२

मिति : २०८०/०६/१६

बिषयः- नविकरण छुट भएका लाभग्राहीको विवरण सम्बन्धमा ।

मिथिला नगरपालिका
ढल्के धनुषा
दर्ता नं.- १२६० मिति २०८०/०६/१८

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १६ तथा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (८) बमोजिम जारी भएको सामाजिक सुरक्षा परिचयपत्र सोही नियमावलीको नियम (९) को व्यवस्था बमोजिम भाद्र मसान्त भित्र नविकरण गर्नु पर्ने कानुनी व्यवस्था विदितै छ । उक्त कानूनी व्यवस्था बमोजिम तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न गराउन विभाग मार्फत तहाँ पटक-पटक पत्राचार गरिएको, MIS अपरेटर र फिल्ड सहायकहरुलाई भर्चुअल माध्यमबाट अभिमुखीकरण उपलब्ध गराईएको, सम्पूर्ण स्थानीय पञ्जीकाधिकारीहरुलाई एसएमएस मार्फत स्मरण गराईनुका साथै सार्वजनिक सञ्चार माध्यमबाट सूचना संप्रेषण समेत गरिएको व्यहोरा समेत विदितै होला । तथापी स्थानीय तहहरुबाट केहि लाभग्राहीहरुको परिचयपत्र नविकरण छुटेको भनी विभागमा गुनासो प्राप्त भएकोले तहाँ अन्तरगतका कोही लाभग्राहीको परिचयपत्र नविकरण छुट भएको भए के कति कारणले छुट हुन गएको हो? पुष्टयाई सहितको विवरण ७ सात दिन भित्र उपलब्ध गराउन निर्णयानुसार अनुरोध छ ।

समीर भण्डारी
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np